ख्रीष्टको देहको रुपमा व्यवस्थित हुनु



पाष्टरीय तालीम पुस्तिका

२३

तालीम र वृद्धि

T&M ®



खीष्टको देहको रुपमा व्यवस्थित हुनु

पहिलो कदम

खीष्ट मण्डलीको शिर हुनुहुन्छ । यसैकारण एक नयाँ मण्डलीलाई व्यवस्थित गर्नको लागि पहिलो कदम चाल्नु आवश्यक छ: झुण्डको रुपमा हामीले खीष्टको आज्ञा पालन गर्न प्रतिज्ञा गर्नु पर्दछ ।

मण्डली कसको हो ?

खीष्ट नै मण्डलीको शिर हुनुहुन्छ ।



उनी देह हुन् (एफिसी ५:२३-३३)। उहाँ उसको स्वामी र प्रभु हुनुहुन्छ । उहाँले उसलाई उहाँको आफ्नै रगतद्वारा किन्नुभयो । उहाँ उसको सेनापति हुनुहुन्छ । मण्डली उहाँको पवित्र आत्माद्वारा प्रभुमा एक भएको छ ।

खीष्ट जो शिर हुनुहुन्छ उहाँले नै उहाँको देहलाई अगुवाइ गर्नुहुन्छ । उहाँले हामीलाई उहाँको वचन बाइबलद्वारा आदेश दिनुहुन्छ । पवित्र आत्माद्वारा उहाँले हामीलाई उहाँको आज्ञा पालन गर्ने शक्ति र अगुवाइ दिनुहुन्छ । यसकारण उहाँले नै उहाँको मण्डलीलाई डोऱ्याउनुहुन्छ, अनि अघि बढ्न सहायता गर्नुहुन्छ ।

खीष्ट मण्डलीको मालिकभन्दा बढी हुनुहुन्छ । उहाँ उसको मूल व्यक्ति, उसको पति अनि उसको प्यारो राजा हुनुहुन्छ । उसका सबै कुराहरुमा उहाँ नै सेनापति हुनुहुन्छ । उहाँमा मात्र यो अधिकार छ : मण्डलीको अरु कुनै शिर छैन । मण्डलीले केवल उहाँको मात्र आज्ञाकारी हुनु जरुरी छ ।

किन मानिसले मात्र मण्डलीको लागि आज्ञाहरु पालन गर्न लाउने अधिकार छैन ?

मण्डली के हो ?

मण्डली खीष्टको आज्ञा पालन गर्ने विश्वासीहरुद्वारा बनिएको हुन्छ । उनीहरु चाहिँ उहाँको देह हुन् ।

मण्डली : खीष्टको देह

पवित्र आत्माद्वारा मण्डली खीष्टमा एक भएको हुन्छ ।

☐ मत्ती २८:१८-२० र १ कोरन्थी १२:१२-१३ पढ्नोस् ।

जसै हामीले आफैलाई प्रभु येशूमा समर्पित गर्दछौं, उहाँले हामीलाई उहाँको आज्ञा पालन गर्न पवित्र आत्माको शक्ति दिनुहुनछ ।

प्रभु येशू खीष्टका चेलाहरु नै मण्डली हुन् ।

खीष्टका चेलाहरु ती विश्वासीहरु हुन् जसले उहाँलाई प्रेम गर्दछन् अनि उहाँका आज्ञाहरु पालन गर्दछन् । नयाँ करारमा नयाँ मण्डलीको निम्ति प्रभुको आज्ञालाई यसरी संक्षेप पार्नसकिन्छ:

- पश्चाताप र विश्वास गर्नोस् (मर्कूस १:१५)

- बप्तिस्मा लिनोस् ।
  (मत्ती २८:१८-२०, प्रेरित २:३७-३८)

- प्रेम गर्नोस् । (मत्ती २२:३४-४०)

- दिनुहोस् । (लूका १२:३३-३४)

- प्रार्थना गर्नोस् । (मत्ती ४:४, ६:५-१३)

- प्रभुभोजमा सामेल हुनुहोस् ।
  (लूका २२:१७-२०, हिब्रू १०:२४,२५)

- सुसमाचार प्रचार गर्नोस्, चेलाहरु बनाउनोस्, परमेश्वर को वचन सिकाउनोस् । (मत्ती २८:१८-२०)

यी कर्त्तव्यहरु मण्डलीको हरेक सदस्यको निम्ति हो । मण्डलीलाई व्यवस्थित पार्नु सजिलो छः सबै सदस्यहरुले यी आज्ञाहरु पालन गर्ने कुरामा चाहिँ पक्का हुनुहोस् ।

एक मण्डली त्यस्ता विश्वासीहरुको संगति हो जसले:

- ☐ जसले परमेश्वरको वचन सुन्छन् ।
- ☐ परमेश्वरको वचन पालन गर्दछन् ।

दोस्रो कदम

आज्ञाकारी विश्वासीहरु नै खीष्टको देह हुन् । यसैकारण नयाँ मण्डली व्यवस्थित पार्नको लागि चालिने दोस्रो कदम होः मानिसहरुलाई येशूको आज्ञा पालन गर्न सिकाउने अगुवाहरु नियुक्त गर्नु ।

मण्डलीले आफ्नो काम गराउन कसलाई अधिकार दिन्छ ?

टिप्पणीः विभिन्न मण्डलीहरुले विभिन्न प्रकारका संस्थागत रुप

अप्नाएका छन् । यो पाठलाई तपाईको आफ्नै परि स्थितिमा चलाउन सक्नुहुनेछ ।

परमेश्वरले अगुवापनका विशेष वरदानहरु दिनुभएको छ (एफिसी ४:११-१६)।

सबै काम उनीहरुले नै गर्नको लागि परमेश्वरले एल्डरहरु र ाख्नुभएको होइन, तर विश्वासीहरुलाई सुसज्जितको पार्नको लागि, ताकि ती विश्वासीहरु मार्फत सबै काम गर्न सकियोस् ।

बाइबलमा एल्डर भन्नाले बुढो बुढो मान्छे हो भन्ने बुझाउँदैन, तर कुनै पनि परिपक्व व्यक्तिलाई बुझाउँछ । एल्डरहरु ती समर्पित व्यक्तिहरु होइनन् जसले मण्डलीको काममा निर्देशन

दिने गर्छन् । नयाँ करारमा, “एल्डर”, “प्रेस्बिटर”, अनि “विशप” को एक अर्थ छ (प्रेरित २०:१७,२८)।

कति मण्डलीहरुले “एल्डर” शब्द प्रयोग गर्दैनन् । गोठालाको भूमिका निभाउन जिम्मेवार पाएका व्यक्तिहरु अथवा मण्डलीलाई अगुवाइ गर्ने व्यक्तिहरुलाई उनीहरु पाष्टर, प्रेस्बिटर, डिकन, अगुवा अथवा ले लिडर भन्छन् ।

शब्द मुख्य कुरो होइन । मुख्य कुरो त उनीहरुले पाष्टरीय जिम्मेवारी निभाउनु हो । एल्डरहरुले वास्ता गर्दछन् अनि मण्डलीलाई निर्देशन दिँदछन् (प्रेरित १४:२३, २०:१७-१८, एफिसी ४:११, १ तिमोथी ५:१७, तीतस १:५-९, १ पत्रुस ५:१-१५)। उनीहरुले भेटघाट गर्छन्, वचन सिकाउँछन्, प्रभुभोज चलाउँछन्, अनि बप्तिस्मा दिन्छन् ।

१ तिमोथी ३ दिइएका गुणहरु भएका मानिसहरु अगुवाहरु हुन चुनिनुपर्दछ । (ती हुन्– कसैले दोष लगाउन नसक्ने, एउटै पत्नीका पति, संयमी, समझदार, सम्मानित, अतिथिसत्कार गर्ने, सुयोग्य शिक्षक, मतवाला र रिसाहा होइन, आफ्नो घर र म्रिरी चलाउन सक्ने)।

किन निकै जना एल्डरहरु नियुक्त गरिएको ?

कुरो के हो भने एउटै पाष्टर अथवा एल्डरले हरेक काम गर्नु चाहिँ बाइबलीय होइन । एक असुरक्षित पाष्टरले सबैलाई दबाएर राख्छ, एक बुद्धिमानी पाष्टरले चाहिँ आफ्नो काम बाँड्न अरु एल्डरहरुलाई सहयोग गर्दछ ।

दुर्गम क्षेत्रमा भएका नयाँ मण्डलीहरुमा तालीम प्राप्त पाष्टर पाउनै गाह्रो हुन्छ । उनीहरुले चाहिँ नयाँ एल्डरहरु मिलाएर प्रवन्धक समिति खडा गर्न सक्छन् । यही झुण्डले त्यहाँको काम हेर्दछ (प्रेरित १४:२३, २०:१७-२८, तीतस १:५)।

यदि ती एल्डरहरु नयाँ हुन् भने, उनीहरुले सेवाहरुमा अनुभवी प्रचारकहरु जस्तै गरी लामो सन्देश प्रचार गर्ने प्रयास गर्नुहुन्न । उनीहरुले बाइबलबाट सरल शिक्षा दिनु राम्रो हुन्छ । कतिपय नयाँ एल्डरहरुले चाहिँ कसैको सपरिवेक्षणमा मानिसहरुलाई गोठालोको सेवा पुऱ्याउन प्रवन्धक झुण्ड तयार पार्दछन् । त्यहाँ अनुभवी पाष्टर नहुँदा ती एल्डरहरुलाई नै कतिपय मण्डलीहरुले प्रभुभोज चलाउने अधिकार दिन्छन् ।

जब एक एल्डर तालीमप्राप्त हुन्छ, तब उसलाई औपचारिक रुपमा (उसमाथि हात र खेर) अभिषेक गरिन्छ, अनि पाष्टरको रुपमा प्रचार गर्न, बप्तिस्मा दिन, आदि गर्न अधिकार दिइन्छ (१ तिमोथी ४:१४)। तर यसै बेला, एक नयाँ अगुवाले उसको अनुभव र क्षमताअनुसार धेरै भन्दा धेरै जिम्मेवारी लिनसक्छ ।

जसै नयाँ मण्डली शुरु हुन्छ, यसका एल्डरहरुले अध्ययन गर्नु, अनि धेरै भन्दा धेरै जिम्मेवारी लिनु खाँचो छ । यसो गर्दा उनीहरुको मण्डली बलियो हुनजान्छ । कामको क्षेत्रमा, अनुभवी अगुवाहरु हुँदैनन्, भए पनि धेरै कम । यस्तो बेला, बाहिरबाट प्रचारक ल्याउनुभन्दा स्थानीय एल्डरले नै सिक्दै जानु अति असल हो । विश्वासीहरुको नयाँ झुण्डलाई सकेसम्म छिटो मण्डलीमा परिणत गनुपर्छ जहाँ प्रभुको हरेका आज्ञा पालन गर्न चाहने बप्तिस्मा पाएका चेलाहरु हुनेछन् (मत्ती २८:१९-२०)।

नयाँ एल्डरहरु कसरी चुन्नु ।

कुनै पनि सेवकलाई एल्डरको रुपमा घोषित गर्नुभन्दा अघि उसलाई निरीक्षण गरेर अनुमोदन गरिनुपर्छ ।

कुनै पनि विश्वासीलाई अति चाँडै एल्डरको रुपमा नियुक्त गर्नु अति खतरनाक हुनसक्छ । त्योभन्दा पहिला, उसले आफूलाई जिम्मेवारी र नम्र व्यक्तिको रुपमा प्रमाणित गर्नैपर्छ (१ तिमोथी ३:६)।



परमेश्वरले प्रयोग गरिरहनु भएको सेवकलाई अधिकार प्रदान गर्न ढिलो गर्नु पनि हानिकारक हुनसक्छ । एल्डरहरु छान्न अनि विशेष सेवकहरु नियुक्त गर्न, प्रेरितीय मण्डलीहरुले उपवास बसे अनि प्रार्थना गरे (प्रेरित १३:२-३, १४:२३)। आफ्ना प्रेरितहरु चुन्न अघि, येशू डाँडामा जानुभयो अनि रातभरि प्रार्थना गर्नुभयो (लूका ६:१२-१६)।

१ तिमोथी ३:१-७ सम्म भएका बाइबलीय शर्तहरु पूरा गर्नेलाई हामी एल्डरको रुपमा चुन्छौं ।

- शर्तहरुमध्ये सबैभन्दा पहिलो चाहिँ दोष लगाउन नसकिने हुनुपर्छ । यस्तो जीवन जिए पछि कसैले पनि दोष लगाउन सक्ने कुरै आएन । मण्डलीमा अनि बाहिर उसको जीवन पवित्र हुनुपर्छ । हाम्रो जीवनमा पवित्र आत्माको भरपूरीद्वारा नै साँचो पवित्रता आउँछ ।

- दोस्रो शर्त हो एल्डर चाहिँ एउटै पत्नीको पति हुनुपर्छ । यौनको परीक्षाले एल्डरको जीवन र सेवकाइलाई नष्ट पार्न सक्छ । कुनै पनि एल्डरले आफ्नो कमजोरी थाहा गर्ने र त्यसलाई सुधार्ने हुनुपर्छ । तब शैतानले उसलाई ठगेर अचानक पतन गराउन सक्दैन ।

  कुनै पनि बुद्धिमान एल्डरले कुनै स्त्रीलाई एकलै भेट्न जाँदैन । कसैलाई लिएर जाने गरे तापनि, उसले घरि घरि जाने गर्दैन । उसले यौनलाई भड्काउने किसिमको सांसारिक उपन्यास पढ्दैन अथवा अश्लील फिल्महरु हेर्दैन । यी कुराहरुले अवैधानिक अनि अईश्वरीय कुराहरुप्रति बलियो अभिरुची बढाउँछ (यसैलाई बाइबलले "लालसा" भनेर भन्दछ)।

एल्डर नियुक्त गर्दा चाहिने अरु शर्तहरु १ तिमोथी ३:१-७ र तीतस १:५-९ मा पढ्नोस् अनि लेख्नोस् ।

कतिपय मण्डलीहरुले कुनै निश्चित समयावधिको निम्ति एल्डरहरु छान्ने गरेका छन् (उदाहरणको लागि, ६ वर्षको लागि)।

नयाँ एल्डरहरु नियुक्त गर्दाः

हरेक नयाँ एल्डरलाई परमेश्वर अनि मण्डलीको अघि उनीहरुको पाष्टरीय जिम्मेवारीहरु ठिकसंग निभाउनेछौ भनी प्रतिज्ञा गर्न लाउनोस् । मण्डलीले पनि उसको अगुवाइलाई पछ्याउने अनि उसको सेवकाइमा सहयोग गर्ने प्रतिज्ञा गर्नु पर्छ । नयाँ एल्डरहरुको लागि प्रार्थना गरिदिनुहोस् ताकि परमेश्वरले उनीहरुलाई पवित्र आत्माले भरिदिऊन् अनि उनीहरुको काम पूरा गर्नलाई चाहिएको वरदान दिऊन् ।

एल्डरका जिम्मेवारीहरु

हामीले पदको निम्ति एल्डर नियुक्त गर्दैनौं, तर पाष्टरीय कामको निम्ति गर्दछौं । उसको पदलाई जेसुकै भनेर भनिए तापनि, मुख्य कुरो चाहिँ उसले बाइबलीय जिम्मेवारीहरु पूरा गर्नुपर्दछ ।

कति व्यक्तिहरुले एल्डरको पद ता ग्रहण गर्दछन्, तर बाइबलले उनीहरुलाई अह्राए बमोजिमको पाष्टरीय काम उनीहरु गर्दैनन् । कहिले-काहीँ उनीहरुलाई यतिसम्म पनि थाह हुँदैन कि उनीहरुको कर्त्तव्य के हो । उनीहरुले

मण्डलीमा अधिकार जमाउनलाई उनीहरुको पद मात्र ओगट्न चाहन्छन् । यो चाहिँ परमेश्वरको इच्छा होइन (१ पत्रुस ५:३)।

एल्डरका खास कर्त्तव्यहरु यस प्रकारका छन्:

- सबैभन्दा मुख्य चाहिँ, मण्डली (अथवा झुण्ड)का सबै सदस्यहरुलाई उनीहरुको इसाई कर्त्तव्य पूरा गर्न सहायता गर्नु हो (प्रेरित २०:१७, २८, ३१, १ पत्रुस ५:१-४)।

- मण्डलीको कामलाई संयोजन गर्नु । एल्डरले नै सबै काम गर्दैन । उसले ती काम गराउनको निम्ति अरुहरुलाई उत्साहित पार्दछ अनि सहयोग गऱ्यो कि गर ेन भनी निधो गर्दछ । मण्डलीको काम संयोजन गर्न, एल्डरहरु निरन्तर भेट भइरहनु पर्दछ ।

- परमेश्वरको वचन सिकाउन (तीतस १:९, १ पत्रुस ५:२)।

- मण्डलीको असल देखरेख गर्नु (तिमोथी ५:१७)।

- बिरामीहरुलाई भेट्न जानु (याकूब ५:१४-१५)।



- "ब्वाँसाहरु"बाट विश्वासीहरुको झुण्डलाई सुरक्षित राख्नु (प्रेरित २०:२८-३१)।

- बेठीकसंग बस्नेहरुलाई अनुशासनमा ल्याउनु ।

एल्डरहरुको तयारी

एल्डरहरुको निम्ति तालीमको खाँचो छ। के तपाईले तालीम र वृद्धिको पाष्टरीय सामाग्रीहरु चलाएर नयाँ एल्डर हरुलाई तालीम दिँदैहुनुहुन्छ ? _____

एल्डरहरु प्रार्थना गर्न र निर्णयहरु गर्नको निम्ति भेट्नु पर्छ ।

कति पटक उनीहरु भेट्छन् (साप्ताहिक, महिनामा दुइचोटि, मासिक इत्यादि)? _____

के तिनीहरु सबै सभामा सहभागी हुन्छन् ? _____

यदि कुनै एल्डरले अध्ययन गर्दैन, ऊ सभाहरुमा उपस्थित हुँदैन, अथवा उसका जिम्मेवारीहरु निभाउँदैन भने, उसलाई हामीले के गर्ने ?

_____

के तपाईले यस्तो काम गर्नु भएको छ? _____

तेस्रो कदम

नयाँ मण्डलीको व्यवस्थापनमा तेस्रो कमद हुन्छः सुसमाचारका सेवकाइहरु मिलाएर संयोजन गर्नु अनि विश्वासीहरुलाई निर्माण गर्नु ।

कसरी मण्डलीको प्रगति हुन्छ ?

तल दिइएका यी दुइ खुट्टाहरुले मण्डलीलाई अघि बढाउँछ । उसका काममा दुइ कुराहरु पाइन्छन्: संसारलाई सुसमाचार प्रचार र विश्वासीहरुलाई निर्माण गर्नु ।



दुई खुट्ट राम्रो संयोजन र सन्तुलनमा मिलेर हिँड्नै पर्दछ । संसारलाई सुसमाचार प्रचार र विश्वासीहरुलाई निर्माण गर्नु– यी दुई अलग्गिन सक्तैन । एउटालाई वास्ता नगरी अर्को जिम्मेवारी मात्र पूरा गर्दै जाँदा मण्डली कना भएर जान्छ– कि नयाँ विश्वासीहरु बढेका हुँदैनन्, कि उनीहरुले अरुहरुलाई खीष्टमा जित्ने काम गरेका हुँदैनन् ।

देहको दुइ खुट्टाझैं, मण्डलीले संसारलाई सुसमाचार प्रचार अनि विश्वासीहरुको निर्माण गर्दछ ।

यी दुइ लक्ष्यहरु हासिल गर्नको लागि, एल्डरहरुले कतिपय कामकुरोको लागि मण्डलीका सदस्यहरुसंग काम बाँडचुड गर्दछन् (भेटघाट र सुसमाचार प्रचार, नयाँ विश्वासीहरुलाई प्रभुको आज्ञाहरु पालन गर्न सिकाउनु, मिसनेरी काममा सहयोग गर्नु, अरुहरुलाई प्रोत्साहित गर्नु, आवश्यकतामा पर काहरुलाई सहायता पुऱ्याउनु, इत्यादि)।

चौथो कदम

नयाँ मण्डलीलाई व्यवस्थित ढंगमा चलाउनको निम्ति चौथो कदमः सकारात्मक, दृढ अनुशासन कायम राख्नोस् ।

कसरी हामीले मण्डलीलाई ठिक बाटोमा लगाइराख्ने ?

हाम्रा हिँडाइहरु अनुशासित छन् कि छैनन् भनेर हाम्रा पदचिन्हहरुले देखाउँछन् ।



ठिक अनुशासन कायम गर्ने मण्डली नै अघि बढ्छ। यो विना, मण्डली यसको बाटोबाट तर्किन्छ।

खीष्टसित एक भएर नै सबै देहले यसको अनुशासन कायम राख्न सक्छ।

एक पियक्कडको खुट्टाहरुले मात्र उसको मस्तिष्कले अह्राएका आज्ञाहरु पालन गर्दैनन्। यही प्रकारले, यदि मण्डलीको एक सदस्यले उसका जिम्मेवारीहरु पालन गर्दैन भने, मण्डलीमा दुःख हुन्छ।

मानिलिउँ तपाई मण्डलीको "खुट्टा" हुनुहुन्छ। यदि तपाई लड्नु भयो भने, मण्डली खोच्याउन थालिहाल्छ। सबै देह एकदमै स्वस्थ, अति व्यवस्थित अनि अनुशासित हुनु जरुरी छ।

अनुशासनद्वारा, हामीले सदस्यहरुको भूल र पापहरु सुधार्दछौं ।

अनुशासनद्वारा नै मण्डलीले आफ्ना सदस्यहरु मार्फत हर ाएकाहरुलाई सुसमाचार पुऱ्याउने, अनि विश्वासीहरुलाई निर्माण गर्ने काम गर्दछ ।

मत्ती १८:१५-२० अनि गलाती ६:१ अनुसार, अनुशासन भनेको:

- ☐ गाली गर्नु हो ।
- ☐ सुधार्नु हो ।
- ☐ दोषी ठहऱ्याउनु हो ।

नयाँ मण्डलीमा अगुवाहरु अस्थायी रुपमा नियुक्त भएका एल्डरहरु भए तापनि उनीहरु निम्न कुराहरुको निम्ति जिम्मेवार छन्:

- ☐ अनुशासन कायम राख्न ।
- ☐ जे मन पऱ्यो सबै गर्न दिन ।

हरेक मण्डली यसको आफ्नो अनुशासनको निम्ति जिम्मेवार छ । (१ कोरन्थी ५)

अनुशासन दुइ प्रकारका हुन्छन्: निर्देशात्मक र सुधारात्मक । निर्देशात्मक अनुशासन भन्नाले सारा मण्डलीलाई व्यवस्थित पार्नु, सिकाउनु अनि संयोजन गर्नु भन्ने बुझिन्छ । सुधार ात्मक अनुशासन भन्नाले पतित अथवा बेगानमा हिँड्ने सदस्यलाई पुनर्स्थापना गरी पुननिर्माण गर्नु हो । यदि एल्डर हरुले निर्देशात्मक अनुशासन प्रयोग गर्दछ भने, सुधारात्मक अनुशासनको खाँचो उति बढी पर्दैन । किन ?

सधैं सुधारात्मक अनुशासनको खाँचो पर्दछ । प्रभु येशूले भन्नुभयो: *"...पाप गर्न लाउने परीक्षा त आउँछ नै, तर धिक्कार, त्यस मानिसलाई जसद्वारा पाप गर्न लाउने परीक्षा आउँछ !"* (मत्ती १८:७)

केही समयको निम्ति पापले मण्डलीलाई नोक्सान पुऱ्याउँछ, तर यदि एल्डरहरुले अनुशासन प्रयोग गर्दैनन् भने, झन नर ाम्रो नोक्सान त तब पुऱ्याउँछ । यदि उनीहरुले पापलाई नसुधारिकन रहिरहन दियो भने सबै दोषी ठहरिनेछन्, अनि सदालाई नोक्सानी पुऱ्याउँछ ।

सुधारात्मक अनुशासनको उद्देश्य सजाय दिनु होइन, तर पुनर्स्थापित र पुननिर्माण हो । रोमी १२:१९ ले भन्छः *"बदला लिने काम मेरो हो, म नै बदला लिनेछु परमप्रभु भन्नुहुन्छ ।"*

भूल गर्ने विश्वासीलाई अनुशासित गर्ने तरिकाहरु यस प्रकारका छन्ः

- सबभन्दा पहिला उसंग मात्र बोल्नोस् । यसबारे सार्वजनिक निन्दाको विषय नबनाउनोस् । चारैतिर गएर आलोचना पनि नगर्नोस् । भूल गर्ने व्यक्तिसंग सोझो बोल्ने साहस तपाईमा छैन भने, चुपो लाग्नोस् (मत्ती ७:१, १८:१५)।

- यदि उसले वास्तै गर्दैन भने, यस विषयमा अरु दुइ चार परिपक्व अनि आत्मिकी व्यक्तिहरुसंग बढो नम्रता र प्रेमिलो आत्मामा कुरा गर्नोस् (मत्ती १८:१६, गलाती ६:१)।

- अब पनि उसले सुन्दैन भने, यो कुरा सारा मण्डलीको सभामा नै प्रस्तुत गरिदिनु पर्दछ । अझ पनि उसले पश्चाताप गर्दैन भने, उसलाई मण्डलीको सदस्यताबाट नै बहिष्कार गरिनुपर्दछ ।

पाँचौ कदम

नयाँ मण्डलीलाई व्यवस्थित पार्ने पाँचौं कदमः सबै सदस्यहरुलाई उनीहरुको वरदानहरु विकास गर्न प्रोत्साहित र सहयोग गर्ने ।

कसरी हामीले मण्डलीका विभिन्न सेवकाइहरु चलाउन सक्छौं ?



जसरी देहका विभिन्न भागहरुको आ-आफ्नै कामहरु छन्, त्यसरी नै खीष्टको काम पनि विभिन्न आत्मिकी वरदानहरुद्वारा पूरा हुन्छन् (१ कोरन्थी १२:४-२७)।

देहको हरेक सदस्यसंग कम्तिमा एउटा वरदान अवश्य हुन्छ । यो पत्ता लाउनको निम्ति सबै विश्वासीहरुलाई प्रोत्साहित र सहयोग गरौं अनि उनीहरुको वरदान र सेवकाइलाई अभ्यासमा ल्याऔं (एफिसी ४:१-१६, १ पत्रुस ४:१०-११)।

यसको प्रतिफलमा हामीले त्यस साताभरि विभिन्न सेवकाइहरु, आत्मिक उन्नतिका सेवाहरु, अनि विभिन्न थरिका इसाई कार्यहरु भएको देख्न पाउँदछौं ।

☐ रोमी १२:४-८ पढ्नोस् ।

उदाहरणको लागि, कोही "डिकनहरु" होलान् । उनीहरु गएर आवश्यकमा परेकाहरु अनि बिरामीहरुलाई भेट्छन् । उनीहरुले मण्डलीका भौतिक सम्पत्तिहरुको देखरेख गर्दछन् । साथै, "डिकनेस" हरु पनि होलान्, जसले प्रभुभोजका थोकहरु तयार पार्छन्, मण्डली भवन सफा गर्छन्, स्त्रीहरुलाई सिकाउँछन् र सहायता गर्छन् (प्रेरित ६:१-७, रोमी १६:१-२, १ तिमोथी ३:८-१३)।



सारांश जाँच

१. खीष्ट नै मण्डलीको स्वामी र सेनापति हुनुहुन्छ । उहाँले मण्डलीलाई निम्न कुरा पालन गराउनु हुन्छ:

- ☐ रहष्यहरु ।
- ☐ आज्ञाहरु ।

२. हामीले नयाँ विश्वासीहरुलाई के गर्न सहायता पुऱ्याउनु पर्दछ:

- ☐ भजनसंग्रह कन्ठ पार्न ।
- ☐ खीष्टको आज्ञा पालन गर्न ।

३. हामीले पालन गर्नैपर्छ:

- ☐ खीष्टका आज्ञाहरु ।
- ☐ रीतिरिवाजहरु ।

४. परमेश्वरले वरदानहरु दिनुहुन्छ:

- ☐ सबै विश्वासीहरुलाई ।
- ☐ केही एल्डरहरुलाई मात्र ।

५. एक अगुवाले तब अधिकार पाएको हुन्छ जब:

☐ उसले आफैलाई अभिषेक गर्दछ ।

☐ मण्डलीले उसलाई नियुक्त गर्दछ ।

६. डिकनहरुले के गर्नुपर्छ:

☐ पाष्टरहरुलाई सहायता गर्नुपर्छ ।

☐ मण्डलीमा अधिकार जमाउनु पर्छ ।

७. आज्ञाकारी मण्डलीको रुपमा व्यवस्थित हुनको लागि, हामीले बप्तिस्मा लिने लगायत ख्रीष्टले दिनुभएको अर्को कुन आज्ञा पनि पालन गर्दछौं:

☐ प्रभुभोजमा सामेल हुनु ।

☐ पुरानो करारका रीतिविधका व्यवस्थाहरु पालन गर्नु ।

८. अगुवाहरुले के गर्नु जरुरी छ:

☐ सबै काम उनीहरु स्वयं गर्नुपर्छ ।

☐ सहभागी हुनको लागि मण्डलीका सबैलाई सिकाउने ।

९. सुसमाचार प्रचार र विश्वासीहरुको निर्माणको काम तब राम्ररी संयोजन हुनसक्छ जब:

☐ हामीले अनुशासन पालन गर्दछौं ।

☐ हामीले लामो प्रवचन प्रचार गर्दछौं ।

१०. जब एक विश्वासी पापमा फँस्छ, तब मण्डलीले के गर्नुपर्छ:

☐ उसलाई अरु बढी जिम्मेवारी दिनुपर्छ ।

☐ उसलाई सुधार्नुपर्छ ।

११. प्रेरितीय मण्डलीहरु प्राय: गरी कसले चलाउँथे:

☐ धेरै एल्डरहरुले ।

☐ केवल एकै जना एल्डरले ।

१२. कहिले-काहीँ नयाँ मण्डलीमा तालीम प्राप्त सेवक हुँदैन । यस्तो बेला, नयाँ विश्वासीहरुले के गठन गरेर त्यसको सपरिवेक्षणमा काम गर्छन्:

☐ अस्थायी समिति ।

☐ स्थायी समिति ।

१३. मण्डली तब बलियो हुन्छ जब यसलाई देखभाल गर्नेहरु:

- ☐ समुदायदेखि बाहिरबाट आएका हुन्छन् ।
- ☐ त्यही समुदायबाट आएका हुन्छन् ।

१४. मण्डलीहरुले पाष्टरहरु कसरी नियुक्त गर्नुपर्छ:

- ☐ हतारसाथ ।
- ☐ होशियारीपूर्वक ।

१५. कुनै स्त्रीलाई पाष्टरीय भेटघाटको निम्ति जाँदा, एल्डर कसरी जानुपर्छ:

- ☐ एकलै ।
- ☐ अरु कसैलाई साथमा लिएर ।

१६. एक नयाँ एल्डर नियुक्ति गरिने विशेष सेवामा, उसलाई केको निम्ति परमेश्वर र मण्डलीको अघि समर्पण गर्नुपर्छ:

- ☐ प्रचार गर्न ।
- ☐ उसका जिम्मेवारहिरु पूरा गर्न प्रतिज्ञा गराउन ।

१७. हामीले एल्डरहरु केको निम्ति नियुक्त गर्दछौं:

☐ पाष्टरीय कार्य सम्पन्न गर्न ।

☐ समितिमा पदहरु ओगट्न ।

१८. कुनै पनि एल्डरको मण्डलीमा प्रथम जिम्मेवारी के हुन आउँछ:

☐ यसलाई दबाएर राख्नु ।

☐ यसको सेवा गर्नु ।

१९. मण्डलीलाई यसको जिम्मेवारीमा अगुवाइ गर्नको निम्ति समर्थ बन्न, एल्डरहरुले के गर्नैपर्छ:

☐ मानिसहरुलाई उनीहरुको नियन्त्रणमा राख्न उनीहरुले जोरजबर्जस्ती गर्नुपर्छ, सजाय दिनुपर्छ, अनि धेरै नियमहरु बनाउनु पर्छ ।

☐ प्रार्थना र अध्ययन गर्नुपर्छ, मण्डलीलाई भेला गर ाएर प्रोत्साहित पार्नुपर्छ ।

२०. खीष्टमा कुनै सदस्यलाई सुधार्नको निम्ति चालिने प्रथम कदम के हो:

- ☐ उसित एकलै कुराकानी गर्नु ।
- ☐ उसको आलोचना गर्नु ।

२१. दोस्रो कदम हो, केही विश्वासीहरुले उसित तलको भावनामा उसित कुराकानी गर्नुपर्छ:

- ☐ नम्रतामा ।
- ☐ बदलाको भावनामा ।

२२. तेस्रो कदम चाहिँ सबै मण्डली मिलेर यो विषयको समाधान गर्नुपर्छ । र पनि, यदि उसले ध्यान दिँदैन भने, उसलाई के गर्नुपर्छ:

- ☐ उसले पश्चाताप नगरुञ्जेल मण्डलीबाट निष्काशित गरिनुपर्छ ।
- ☐ तीन महिनाको लागि अनुशासनमा राखिनुपर्छ ।

२३. हामीले निम्न उद्देश्य राखेर अनुशासित गर्दछौं:

☐ आलोचना र वहिष्कार गर्नु ।

☐ सुधार र पुनर्स्थापना गर्नु ।

२४. एल्डरहरुको बारेमा तीन वा चार मुख्य बुँदाहरु पाउन १ पत्रुस ५:१-५ अध्ययन गर्नोस् । ती बुँदाहरु यहाँ लेख्नोस्:

_____

_____

_____

अभ्यासको काम

- व्यवस्थित हुनको निम्ति पालन गरिनुपर्ने पाँचवटा कदमहरु तपाईले आफ्नो मण्डलीलाई सिकाउनोस्:

१. झुण्ड मिलेर नै पवित्र आत्माको शक्तिमा खीष्टको आज्ञाहरु पालन गर्न समर्पित गराउनको निम्ति प्रतिज्ञा गर्ने ।

२. मानिसहरुलाई येशूको आज्ञा पालन गर्न सहयोग गर्ने अगुवाहरु (साधारणतया 'एल्डरहरु' भनिन्छन्) घोषणा गर्नु ।

३. संसारमा सुसमाचार प्रचार गर्ने र विश्वासीहरुलाई निर्माण गर्ने काममा मण्डलीलाई प्रोत्साहित गरिरहने ।

४. सकारात्मक अनि दृढ अनुशासन कायम गर्ने ।

५. सबै सदस्यहरुलाई उनीहरुको वरदानहरु वृद्धि गर्न प्रोत्साहित र सहयोग गर्ने ।

- मण्डलीका एल्डरहरुको नाउँ अनि उनीहरुले कुन घरेलु झुण्ड चलाइरहेका छन् वा कुन सेवकाइ हेरिरहेका छन् (उदाहरणको लागिः सुसमाचारिय भेटघाटको संयोजन गर्ने, नयाँ विश्वासीहरुलाई सिकाउने, युवा सेवकाइको संयोजन गर्ने, छोरी मण्डली स्थापना गर्ने, सेवाहरु संयोजन गर्ने, समाज सेवा संयोजन गर्ने, इत्यादि), ती सबै लेख्नोस् । साथै, उनीहरुमध्ये कसले सभाको सभापतित्व गर्ने हो, अनि कसले मिनट राख्ने सचिवको काम गर्ने हो, सबै लेखिराख्नोस् ।

नाउँ: _____ सेवकाइ तथा घरेलु झुण्ड: _____

नाउँ: _____ सेवकाइ तथा घरेलु झुण्ड: _____

नाउँ: _____ सेवकाइ तथा घरेलु झुण्ड: _____

नाउँ: _____ सेवकाइ तथा घरेलु झुण्ड: _____

नाउँ: _____ सेवकाइ तथा घरेलु झुण्ड: _____

नाउँ: _____ सेवकाइ तथा घरेलु झुण्ड: _____

नाउँ: _____ सेवकाइ तथा घरेलु झुण्ड: _____

- एल्डरहरुको कामको निम्ति प्रार्थना गर्नको लागि उनीहरुको सेवाबारे मण्डलीमा निरन्तर जानकारी भइर होस् ।

- सुसमाचारिय कार्यक्रम आयोजना र संयोजन गर्न, नयाँ विश्वासीहरुलाई सिकाउन, सेवा, संगति गर्न, अनि आवश्यकतामा परेकाहरुलाई सहायता गर्न सल्लाह र निर्णयको लागि एल्डरहरु (काउन्सिल अथवा समिति) समय समयमा लगातार भेटिरहनु पर्‍यो ।

- पाष्टरीय तालीम कार्यक्रम (तालीम र वृद्धि)मा नयाँ एल्डरहरुको नाउँ दर्ता गराउनोस् ।

- सभामा उपस्थित व्यक्तिहरु, बप्तिस्मा लिनेहरु, सदस्यहरु, अनि आय र व्ययको हिसाबको खाता कायम राख्न सचिव र कोषाध्यक्षलाई सहयोग गर्नोस् ।

टिप्पणीहरु

टिप्पणीहरु

कपीराइट र जानकारी:
© 2001 Project WorldReach © 2001 SEAN
सर्वाधिकार सुरक्षित

Train & Multiply®

Project WorldReach (टि एम सेवकाइ संचालन)

Dr. George Patterson (मौलिक लेखक)
SEAN International

सम्पर्क ठेगाना: **Project WorldReach PWR®**

474 - 800 - 15355 - 24th Ave
Surrey BC, Canada
V4A 2H9

इमेल: pwr@trainandmultiply.com

वेबसाइट: http://www.trainandmultiply.com

023NP01A-01